# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, असोज १० गते, २०८० साल (संख्या ६


# भाग-२

## कर्णाली प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको

## सूचना

### कर्णाली प्रदेश स्वास्थ्य सेवा नियमावली, २०८०

कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश स्वास्थ्य सेवा नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अस्पताल विकास समिति" भन्नाले अस्पताललाई व्यवस्थित रुपमा सञ्चालन गर्न गठन गरिएको प्रदेश अस्पताल विकास समिति सम्झनु पर्छ र सो शब्दले जिल्ला अस्पताल विकास समिति, आयुर्वेद अस्पताल विकास समिति वा औषधालय विकास समितिलाई समेत जनाउँछ।

(ख) "ऐन" भन्नाले कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले नियम १७ बमोजिम स्थापना भएको प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा निर्देशनालय सम्झनु पर्छ।

(ङ) "बोर्ड" भन्नाले नियम ४१ बमोजिमको प्रदेश मेडिकल बोर्ड सम्झनु पर्छ।

(च) “स्वास्थ्य संस्था" भन्नाले ऐनमा उल्लेख भएका स्वास्थ्य संस्थाका अतिरिक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोगशाला सम्झनु पर्छ र सो शब्दले रेडियो इमेजिङ्ग सेन्टर, पुनर्स्थापना केन्द्र, डायलासिस केन्द्र र हस्पिस सेन्टरलाई समेत जनाउँछ।

## परिच्छेद-२

## स्वास्थ्य संस्था सम्बन्धी व्यवस्था

३. **पूर्वाधार विकास आशयपत्र लिन निवेदन दिनु पर्ने:** (१) स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थाले पूर्वाधार विकास आशयपत्र लिन देहाय बमोजिमका कागजातहरु संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ:-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र र सो क्षेत्रको जनसंख्या,

(घ) अनुसूची-२ बमोजिमको दस्तुर तिरेको रसिद।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर मन्त्रालयले आफै वा निर्देशनालय मार्फत जाँचबुझ गरी आशयपत्र दिन उपयुक्त देखिएमा त्यस्तो व्यक्ति वा संस्थालाई पूर्वाधार निमार्ण गर्न पूर्वाधार विकास आशयपत्र दिन सक्नेछ।

४. **<u>पूर्वाधार विकास आशयपत्रको नवीकरण</u>**: (१) पूर्वाधार विकास आशयपत्र प्राप्त गरेको व्यक्ति वा संस्थाले त्यस्तो आशयपत्रमा उल्लिखित समयभित्र पूर्वाधार विकास गर्न नसकेमा कारण खुलाई पूर्वाधार विकास आशयपत्रको नवीकरणको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर जाचँबुझ गर्दा कारण मनासिव देखिएमा मन्त्रालयले अनुसूची-२ बमोजिमको दस्तुर लिई पूर्वाधार विकास आशयपत्र नवीकरण गर्न सक्नेछ।

५. **<u>स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र सम्बन्धी व्यवस्था:</u>** (१) मन्त्रालयले अनुसूची-३ बमोजिमको स्वास्थ्य संस्थालाई सञ्चालन इजाजतपत्र दिन सक्नेछ।

(२) पूर्वाधार विकास आशयपत्र प्राप्त गरेको व्यक्ति वा संस्थाले स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र लिन अनुसूची-४ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्न मन्त्रालयले अस्पतालको हकमा निर्देशनालयको निर्देशक, पोलिक्लिनिकको हकमा सम्बन्धित जिल्लाको जनस्वास्थ्य कार्यालय वा स्वास्थ्य सेवा कार्यालयको प्रमुख र प्रयोगशालाको हकमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको प्रमुख वा निजले तोकेको वरिष्ठ कर्मचारी र सम्बन्धित विषय विज्ञ सहितको एक सिफारिस समितिको गठन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको सिफारिस समितिले स्वास्थ्य संस्था सञ्चालन गर्न अनुसूची-५ बमोजिमको मापदण्ड पूरा भए नभएको यकीन गरी सोको प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त प्रतिवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी अनुसूची-५ बमोजिमको मापदण्ड पूरा गरेको पाइएमा मन्त्रालयले अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-६ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम इजाजतपत्र दिंदा स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धमा आवश्यक शर्त तोक्नु पर्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(७) यस नियम बमोजिम इजाजतपत्र दिएको स्वास्थ्य संस्थाको नियमन र इजाजतपत्रको नवीकरण मन्त्रालयले गर्नेछ।

६. **<u>इजाजतपत्र नवीकरण</u>**: (१) नियम ५ बमोजिम प्राप्त इजाजतपत्रको नवीकरणको लागि सम्बन्धित व्यक्ति वा संस्थाले अनुसूची-७ बमोजिमको ढाँचामा अस्पतालको हकमा निर्देशनालय, क्लिनिक तथा पोलिक्लिनिकको हकमा सम्बन्धित जिल्लाको जनस्वास्थ्य कार्यालय वा स्वास्थ्य सेवा कार्यालय र प्रयोगशालाको हकमा प्रदेश जनस्वास्थ्य प्रयोगशालामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर सम्बन्धित निकायले आवश्यक जाँचबुझ गरी अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

७. **<u>स्तरोन्नति सम्बन्धी व्यवस्था</u>**: यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको कुनै स्वास्थ्य संस्थाले स्तरोन्नति गर्न चाहेमा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड पूरा गरी इजाजतपत्र लिने सम्पूर्ण प्रक्रिया पूरा गर्नु पर्नेछ।

## परिच्छेद-३

## समितिको पदाधिकारीको काम, कर्तव्य र अधिकार

**८. अस्पताल विकास समितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** अस्पताल विकास समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पताल सुधार कार्ययोजना निर्माण गरी लागू गर्ने वा गराउने,

(ख) अस्पताल विकास समितिको सदस्यसँगको समन्वयमा प्राथमिकताका आधारमा आवश्यक योजना तर्जुमा गर्ने,

(ग) योजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना बनाई समय सीमा निर्धारण गरी मूल्याङ्कन गर्ने वा गराउने,

(घ) स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवामा गुणस्तरीयताको सुनिश्चितता गर्ने वा गराउने,

(ङ) स्वास्थ्य क्षेत्रको विकासका लागि समन्वय तथा सहकार्य गर्ने वा गराउने,

(च) अस्पतालको निरीक्षण गरी समय समयमा अस्पताल विकास समितिको नगद र जिन्सीको लगत अद्यावधिक गर्ने वा गराउने,

(छ) अस्पताल विकास समितिको सदस्यलाई आवश्यक निर्देशन दिने,

(ज) संघ, प्रदेश, स्थानीय तह र अन्य संघ संस्थाको समन्वयमा आर्थिक, भौतिक र मानवीय स्रोतको व्यवस्थापनको लागि पहल गर्ने,

(झ) अस्पतालको न्यूनतम सेवा मापदण्ड लागू गर्ने वा गराउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

९. **<u>अस्पताल विकास समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः</u>** अस्पताल विकास समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पताल विकास समितिको अध्यक्षको निर्देशनमा सो समितिको बैठक आव्हान गर्ने,

(ख) अस्पताल विकास समितिको बैठकको लागि विस्तृत कार्ययोजना तथा एजेण्डा तयार गर्ने,

(ग) अस्पतालको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी अस्पताल विकास समिति समक्ष पेश गर्ने,

(घ) बैठकको निर्णय टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने,

(ङ) अस्पताल विकास समितिको बैठकमा भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(च) अस्पतालको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने वा गराउने,

(छ) अस्पताल विकास समितिको अध्यक्ष र अन्य सदस्यसँग समन्वय गरी संघ, प्रदेश, स्थानीय तह र अन्य संघ संस्थाबाट आर्थिक, भौतिक र मानवीय स्रोतको व्यवस्थापनको लागि पहल गर्ने।

१०. **<u>अस्पताल विकास समितिको सदस्यको काम, कर्तव्य र अधिकारः</u>** अस्पताल विकास समितिको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य सेवा कार्यक्रमको योजना तर्जुमा गर्न, स्थानीय स्रोत साधन जुटाउन तथा परिचालन गर्न आवश्यक सहयोग गर्ने,

(ख) समितिको निर्णय अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य सेवा कार्यक्रमको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने।

**११.** **<u>अस्पताल विकास समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) अस्पताल विकास समितिको बैठक वर्षमा कम्तीमा चार पटक त्रैमासिक रुपमा बस्नेछ।

(२) अस्पताल विकास समितिको बैठक अस्पताल विकास समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अस्पताल विकास समितिको बैठकको अध्यक्षता अस्पताल विकास समितिको अध्यक्षले गर्नेछ। अस्पताल विकास समितिको अध्यक्षको पद रिक्त भएको अवस्थामा सो समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) अस्पताल विकास समितिको बैठकको निर्णय अस्पताल विकास समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(५) अस्पताल विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि अस्पताल विकास समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१२.** **<u>अस्पताल विकास कोष सम्बन्धी व्यवस्थाः</u>** (१) अस्पताल विकास समिति सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक अस्पतालमा एक अस्पताल विकास कोष हुनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(ग) आयुर्वेद अस्पताल र औषधालय विकास समिति कोषको हकमा आयुर्वेद अस्पताल र स्वास्थ्य केन्द्रबाट जडीबुटीको प्रशोधन गरी औषधी उत्पादन तथा बिक्री वितरणबाट प्राप्त हुने रकम,

(घ) अस्पतालको सेवा शुल्कबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिमको कोषको खाता सञ्चालन सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१३. **<u>अस्पताल विकास कोषको प्रयोगः</u>** नियम १२ को उपनियम (१) बमोजिमको अस्पताल विकास कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा प्रयोग गर्न सकिनेछः-

(क) औषधी, औषधिजन्य सामग्री, रियजेन्ट, औजार र उपकरण खरिद,

(ख) पूर्वाधार विकास तथा मर्मत सम्भार,

(ग) अस्पताल विकास समितिबाट नियुक्त भएका जनशक्तिको व्यवस्थापन खर्च,

(घ) सेवा शुल्कबाट आम्दानी भएको रकम सम्बन्धित सेवाको व्यवस्थापन खर्च,

(ङ) बचत।

१४. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) अस्पताल विकास समितिको आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ।

(२) अस्पताल विकास समितिको आम्दानी तथा खर्चको हिसाबको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-४

## <u>प्रेषण तथा आकस्मिक स्वास्थ्य सेवा</u>

१५. **<u>प्रेषण प्रक्रियाः</u>** (१) ऐनको दफा १९ बमोजिम स्वास्थ्य संस्थामा उपचारको लागि आएको सेवाग्राहीलाई थप सेवाको लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा प्रेषण पूर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रेषण गर्दा सबैभन्दा नजिक वा पायक पर्ने माथिल्लो तहमा आवश्यक सेवाको उपलब्धताको सुनिश्चितता गरी सरकारी स्वास्थ्य संस्थामा गर्नु पर्नेछ।

तर निजी स्वास्थ्य संस्थाको हकमा सेवाग्राहीको ईच्छा अनुसार गर्न बाधा पर्ने छैन।

(३) यस नियम बमोजिम प्रेषण गर्दा सम्बन्धित स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको उपचार पद्धति समेत प्रेषण पुर्जामा उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम प्रेषण गर्दा प्रेषण गर्ने संस्थाले प्रेषण गरिएको सेवाग्राहीको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ।

१६.**<u>आकस्मिक स्वास्थ्य सेवा:</u>** स्वास्थ्य संस्थाले अनुसूची-८ बमोजिमको आधारभूत स्वास्थ्य सेवा, अनुसूची-९ बमोजिमको विशेषज्ञ स्वास्थ्य सेवा र अनुसूची-१० बमोजिमको आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

१७.**<u>प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष:</u>** (१) प्रदेशमा आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन गर्न एक प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष रहनेछ।

(२) कोषको स्थापना गर्दा प्रदेश सरकारले कम्तीमा पचास लाख रुपैयाँ कोषमा जम्मा गर्नेछ।

(३) कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा अन्य कुनै रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(४) उपनियम (३) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) कोषको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सञ्चालन गर्ने विविध खातामा जम्मा गर्नु पर्नेछ।

(६) कोषको खाता सञ्चालन मन्त्रालयको सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

**१८.<u>कोषको प्रयोगः</u>** (१) कोषमा सञ्चित भएको रकम देहायको आकस्मिक स्वास्थ्य सेवाको लागि प्रयोग गरिनेछः-

(क) नियमित स्वास्थ्य सेवा बाहेक अन्य आकस्मिक वा अप्रत्यासित स्वास्थ्य समस्याको रोकथाम, उपचार तथा व्यवस्थापन गर्न,

(ख) कुनै पनि आकस्मिक वा अप्रत्यासित संक्रामक तथा नसर्ने रोगको प्रकोप तथा दुर्घटनाको उपचारमा आवश्यक पर्ने मेडिकल सामग्री, औषधी वा उपकरणको प्रबन्ध गर्न।

(२) कोषको प्रयोग उपनियम (१) बमोजिम बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन।

**१९.<u>सोधभर्ना गर्नु पर्नेः</u>** प्रदेश सरकारले कोषबाट खर्च भएको रकम यथाशीघ्र कोषमा सोधभर्ना गर्नु पर्नेछ।

**२०.<u>कोष सञ्चालक समितिः</u>** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) प्रमुख, योजना तथा प्रशासन महाशाखा, मन्त्रालय - सदस्य

(घ) कम्तीमा सातौं तहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रमुख, विपद् विषय हेर्ने महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) निर्देशक, निर्देशनालय - सदस्य

(छ) प्रमुख, स्वास्थ्य हेर्ने महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको कोष सञ्चालक समितिको बैठक सो समितिको संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) उपनियम (१) बमोजिमको कोष सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) उपनियम (१) बमोजिमको कोष सञ्चालक समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) उपनियम (१) बमोजिमको कोष सञ्चालक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२१.<u>**कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**</u> नियम २० को उपनियम (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्ने वा गराउने,

(ख) कोषको प्रयोग सम्बन्धी विषयमा निर्णय गर्ने।

२२.<u>**लेखा तथा लेखापरीक्षणः**</u> (१) कोषको आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ।

(२) कोषको आम्दानी तथा खर्चको हिसाबको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-५

## <u>सरकारी स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी व्यवस्था</u>

२३.<u>**स्वास्थ्य संस्था स्थापना गरिने स्थानको पहिचानः**</u> (१) स्वास्थ्य संस्था स्थापना गरिने स्थानको पहिचान मन्त्रालयले गर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थान पहिचानको आधार देहाय बमोजिम हुनेछः-

(क)प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता।

२४. **स्वास्थ्य संस्थाको तहगत संरचनाः** प्रदेश सरकार अन्तर्गत सञ्चालन हुने स्वास्थ्य संस्थाको तहगत संरचना र त्यस्तो स्वास्थ्य संस्थाले उपलब्ध गराउने स्वास्थ्य सेवा अनुसूची-११ बमोजिम हुनेछ।

२५. **कर्मचारीको व्यवस्थापनः** (१) प्रदेश सरकार मातहतका स्वास्थ्य संस्थाको लागि आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) प्रदेश सरकार मातहतका सरकारी स्वास्थ्य संस्थाको संङ्गठन संरचना प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिमका कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा प्रदेश निजामती सेवा ऐन बमोजिम हुनेछ।

(४) सरकारी स्वास्थ्य संस्थाको स्वीकृत दरबन्दी अनुसारको रिक्त पदको स्थायी पदपूर्ति प्रदेश लोक सेवा आयोगको सिफारिसमा गरिनेछ।

## परिच्छेद-६

## स्वास्थ्य सेवाको पहुँच सम्बन्धी व्यवस्था

२६. **श्रमिकको स्वास्थ्य परीक्षण गराउनु पर्नेः** रोजगारदाताले जोखिमयुक्त क्षेत्रमा काम गर्ने प्रत्येक श्रमिकको वर्षमा कम्तीमा एक पटक स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।

२७. **श्रमिकको जोखिम न्यूनीकरणको व्यवस्थाः** (१) जोखिमयुक्त क्षेत्रमा काम गर्ने श्रमिकको जोखिम न्यूनीकरण गर्न रोजगारदाताले कामको प्रकृति अनुसार अभिमुखीकरण र व्यक्तिगत सुरक्षा कवच उपलब्ध गराउनु पर्नेछ।

(२) रोजगारदाताले जोखिम न्यूनीकरण सम्बन्धी उपकरणको अनिवार्य व्यवस्था गरी सोको प्रयोगको सुनिश्चितता गर्नु पर्नेछ।

२८. **स्वास्थ्य बीमा सेवाको गुणस्तरः** (१) स्वास्थ्य बीमा कार्यक्रम मार्फत् प्राप्त हुने सेवामा गुणस्तर कायम गर्न स्वास्थ्य बीमा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछः-

(क) स्वास्थ्य बीमा सहायता कक्ष सञ्चालन,

(ख) स्वास्थ्य बीमाको सेवा लिने छुट्टै कक्षको व्यवस्थापन,

(ग) चिकित्सक लगायतका स्वास्थ्यकर्मीको नियमित उपलब्धता,

(घ) स्वास्थ्य बीमामा समेटिएका औषधीको नियमित उपलब्धता तथा अस्पताल फार्मेसी व्यवस्थापन,

(ङ) स्वास्थ्य संस्थामा उपकरण तथा निदानात्मक सेवाको नियमितता।

(२) मन्त्रालयले उपनियम (१) बमोजिमको कार्य भए नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

२९.**शिशुको लागि सुरक्षित एवम् पर्याप्त पोषण सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले आमाको दुधलाई प्रतिस्थापन गर्ने खाद्य वस्तुको बिक्री वितरणलाई नियमन गर्न निर्देशनालयको नर्सिङ प्रशासक वा निर्देशनालयको निर्देशकले तोकेको वरिष्ठ नर्सिङ अधिकृतलाई निरीक्षक तोक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उत्पादन स्थल, भण्डारण कक्ष वा कार्यालयमा निरीक्षण तथा जाँचबुझ गर्ने,

(ख) निरीक्षण तथा जाँचबुझ पश्चात निरीक्षण प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने।

(३) सरकारी तथा सार्वजनिक निकायमा स्तनपान गर्न छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ।

(४) सरकारी तथा सार्वजनिक निकायले त्यस्तो निकायमा कार्यरत कर्मचारीको शिशु स्याहारको लागि शिशु स्याहार कक्षको व्यवस्था गर्नु पर्नेछ।

(५) मन्त्रालयले कुपोषणको बढी प्रभाव भएको क्षेत्रमा पौष्टिक तत्व मिश्रित आहारको व्यवस्थाको लागि कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-७

## गुणस्तरीय स्वास्थ्य सेवा

३०.**स्वास्थ्य संस्थाभन्दा बाहिरबाट प्रदान गरिने स्वास्थ्य सेवाः** (१) इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरबाट घुम्ति सिविर वा घुम्ति अस्पताल मार्फत् विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न प्रारम्भिक स्वास्थ्य परीक्षण प्रतिवेदन, सेवाको प्रकृति र संलग्न जनशक्तिको विवरण सहित अनुमतिको लागि सम्बन्धित जिल्लास्थित स्वास्थ्य हेर्ने कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य हेर्ने कार्यालयले आवश्यक जाँचबुझ गरी अनुमति दिन सक्नेछ र त्यसरी दिएको अनुमतिको जानकारी निर्देशनालयमा दिनु पर्नेछ।

(४) यस नियम बमोजिम स्वास्थ्य संस्थाभन्दा बाहिरबाट प्रवाह भएको सेवाको प्रतिवेदन सम्बन्धित जिल्लास्थित स्वास्थ्य हेर्ने कार्यालयमा पेश गर्नु पर्नेछ।

३१.**गुनासो व्यवस्थापनः** (१) प्रत्येक स्वास्थ्य संस्थाले ऐनको दफा ४० बमोजिमका गुनासोका अतिरिक्त स्वास्थ्य सेवासम्बन्धी जुनसुकै गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले गुनासो व्यवस्थापन गर्न एक जना गुनासो सुन्ने अधिकारी तोक्नु पर्नेछ।

(३) गुनासो सुन्ने अधिकारीले गुनासो प्राप्त भएको मितिले चौबीस घन्टाभित्र गुनासो व्यवस्थापनका लागि आफ्नो सुझाव सहित स्वास्थ्य संस्थाको प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम प्राप्त हुन आएको गुनासो व्यवस्थापनका लागि स्वास्थ्य संस्थाको प्रमुखले तत्काल आदेश दिनु पर्नेछ र त्यसरी आदेश भएकोमा सो आदेश बमोजिम गुनासो व्यवस्थापन गरी गुनासोकर्तालाई जानकारी दिनु गुनासो सुन्ने अधिकारीको कर्तव्य हुनेछ।

३२.**<u>अभिलेख सम्बन्धी व्यवस्थाः</u>** (१) सरकारी स्वास्थ्य संस्थाको प्रमुखले स्वास्थ्य संस्थाबाट सेवा लिएका प्रत्येक सेवाग्राहीको विवरण नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य सूचना प्रणालीको ढाँचामा अभिलेख राखी प्रतिवेदन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको स्वास्थ्य संस्था बाहेक इजाजत प्राप्त स्वास्थ्य संस्थाले सेवाको विवरण मासिक रुपमा सम्बन्धित जिल्ला स्थित स्वास्थ्य हेर्ने कार्यालयमा बुझाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त सेवाको विवरण नेपाल सरकारले निर्धारण गरेको सूचना प्रणालीको ढाँचामा प्रतिवेदन प्रविष्ट गर्नु पर्नेछ।

३३.**<u>निरीक्षक सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले स्वास्थ्य संस्थाको अनुगमन तथा मूल्याङ्कन गर्न मन्त्रालय वा मातहत निकायमा कार्यरत अधिकृत कर्मचारीलाई निरीक्षक नियुक्त गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षक नियुक्ति गर्दा देहाय बमोजिमको योग्यता भएको कर्मचारीलाई नियुक्त गर्नु पर्नेछः-

(क) सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको,

(ख) अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव भएको।

(३) उपनियम (१) बमोजिम नियुक्त निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्थाको गुणस्तर तथा मापदण्डको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) स्वास्थ्य संस्थाको अनुगमन तथा मूल्याङ्कन गर्न सम्बन्धित क्षेत्रका विषय विज्ञ सहितको टोली बनाउने,

(ग) स्वास्थ्य संस्थाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश गर्ने।

३४.**<u>कारबाही सम्बन्धी व्यवस्थाः</u>** निरीक्षकको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा मन्त्रालयले ऐनको दफा ४४ को उपदफा (२) को अतिरिक्त देहाय बमोजिमको कारबाही गर्न सक्नेछः-

(क)एक वर्षसम्म सेवा सञ्चालनमा रोक लगाउने,

(ख)सरकारी अनुदान तथा सहयोग रोक्का गर्ने।

३५.**<u>औषधी सम्बन्धी व्यवस्थाः</u>** (१) औषधी बिक्री वितरण गर्ने संस्थाले औषधीको समुचित प्रयोग, बिक्री वितरण, भण्डारण र लागू तथा मनोदीपक औषधीको अभिलेख सुनिश्चित गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अभिलेख सुनिश्चितताको लागि मन्त्रालयले विज्ञ सहितको अनुगमन टोली खटाउन सक्नेछ।

(३) मन्त्रालय वा निर्देशनालयले ईजाजत प्राप्त स्वास्थ्य संस्थामा सञ्चालनमा रहेका औषधी पसलको अनुगमन गर्न सक्नेछ।

३६.**<u>उपकरण सम्बन्धी मापदण्डः</u>** (१) अनुमति प्राप्त स्वास्थ्य संस्थाले अनुसूची-५ मा उल्लेख भए बमोजिम औजार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ।

(२) शिक्षण अस्पताल सञ्चालन गर्ने स्वास्थ्य संस्थाले नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्ड बमोजिम औजार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ।

३७.**<u>एम्बुलेन्स सम्बन्धी व्यवस्थाः</u>** एम्बुलेन्सको सञ्चालन, न्यूनतम गुणस्तर, नवीकरण, स्तरोन्नति, प्रयोग र सेवा शुल्क सम्बन्धी व्यवस्था राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम हुनेछ।

३८.**<u>उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्री वितरण सम्बन्धी मापदण्डः</u>** (१) ऐनको दफा ४८ को उपदफा (१) बमोजिम जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्री वितरणलाई स्वच्छ बनाउन मन्त्रालयले देहायका विषयमा नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम कार्यान्वयन गर्नेछः-

(क)खाद्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्री वितरण सम्बन्धी,

(ख) खानेपानीको गुणस्तर सम्बन्धी।

(२) मन्त्रालय तथा मातहतका निकायले खाद्य वस्तु तथा खानेपानीको गुणस्तर निगरानीका लागि समन्वय तथा सुपरीवेक्षण गर्नु पर्नेछ।

(३) प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा जिल्ला स्थित स्वास्थ्य सेवा कार्यालयको प्रयोगशालाले कम्तीमा छ महिनामा एकपटक उत्पादन, बिक्री बितरण तथा उपभोक्ताको तहमा खाद्य तथा खानेपानीको गुणस्तर निगरानी (सर्भिलेन्स) परीक्षण गर्नु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायले प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा जिल्ला स्थित स्वास्थ्य सेवा कार्यालयको प्रयोगशालालाई गुणस्तर परीक्षणका लागि अनुरोध गरेमा जहिले सुकै परीक्षण गर्नु पर्नेछ।

**३९.** **<u>सरसफाइ तथा उचित कार्य वातावरण सम्बन्धी मापदण्डः</u>** (१) स्वास्थ्य संस्थाले कार्यस्थलमा सरसफाइ तथा कर्मचारीका लागि उचित कार्य वातावरण बनाउन देहाय बमोजिमका मापदण्ड पालना गर्नु पर्नेछः-

(क) सुरक्षित व्यक्तिगत सुरक्षा उपकरणको अनिवार्य व्यवस्था गरेको,

(ख) कार्यस्थलमा कामको प्रकृति अनुसार सरसफाई, आकस्मिक पहूँच योजना र मेशिन गार्डको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गरेको,

(ग) कार्यरत कर्मचारी तथा कामदारको औषधी उपचार, पुनर्स्थापना तथा मरणोपरान्त पाउने सेवा सुविधाको उचित व्यवस्थापन गरेको।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम सरसफाई तथा उचित कार्य वातावरणका लागि मापदण्ड बनाई लागू गर्नेछ।

(३) मन्त्रालयले उपनियम (१) र (२) बमोजिमको मापदण्ड पालना गरे नगरेको तथा उचित कार्य वातावरण भए नभएको आवधिक निरीक्षण गर्न सक्नेछ।

४०.**<u>अन्य मापदण्ड सम्बन्धी व्यवस्था:</u>** ऐन तथा यस नियमावलीमा उल्लेख **<u>भएका</u>** बाहेक अन्य मापदण्ड सम्बन्धी व्यवस्था स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ बमोजिम हुनेछ ।

## परिच्छेद-८

## <u>विविध</u>

४१.**<u>स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** (१) यस नियमावली बमोजिम इजाजत प्राप्त स्वास्थ्य संस्था र त्यस्ता स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी उपर सुरक्षा चुनौती भएमा सम्बन्धित संस्था वा स्वास्थ्यकर्मीले कारण सहित मन्त्रालयमा सुरक्षा माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षा माग भएमा मन्त्रालयले सुरक्षाको आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(३) स्वास्थ्य संस्थामा कसैले तोडफोड गरे वा स्वास्थ्यकर्मी तथा कर्मचारीमाथि दुर्व्यवहार वा आक्रमण गरी क्षति पुऱ्याएमा त्यसरी भएको क्षतिको क्षतिपूर्ति सम्बन्धित व्यक्तिबाट भराउनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाका कर्मचारी वा स्वास्थ्यकर्मीको लापरबाही तथा स्वास्थ्यकर्मीले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा नगरेको प्रमाणित भएमा स्वास्थ्यकर्मीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

४२.**<u>प्रदेश मेडिकल बोर्ड गठनः</u>** (१) ऐनको दफा ५८ बमोजिमको प्रदेश मेडिकल बोर्डको गठन देहाय बमोजिम हुनेछः-

(क) वरिष्ठ चिकित्सक, प्रदेश अस्पताल - संयोजक

(ख) प्रमुख, चिकित्सा क्षेत्र हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

(ग) उपसचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) चिकित्सक प्रतिनिधि, निर्देशनालय - सदस्य

(च) प्रहरी नायव उपरीक्षक, प्रदेश प्रहरी कार्यालय- सदस्य

(छ) प्रमुख, चिकित्सा शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) बोर्डले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) बोर्डको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(४) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४३. **बोर्डको काम, कर्तव्य र अधिकार**ः बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारबाट स्वीकृत मापदण्डको आधारमा प्रदेशको कुनै पनि व्यक्तिलाई उपचार सहयोग उपलब्ध गराउन सिफारिस गर्ने,

(ख) प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीको प्रदेशभित्र उपचार हुन सक्ने वा नसक्ने विषयमा सिफारिस गर्ने,

(ग) प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारी स्वास्थ्यको दृष्टिकोणबाट सेवा गर्न सक्षम भए, नभएको विषयमा सिफारिस गर्ने,

(घ) स्वास्थ्य संस्थामा भएका चिकित्सकीय घटनाको छानविन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने

४४. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने**ः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**पूर्वाधार स्वीकृतिको आशयपत्रका लागि दिने निवेदनको ढाँचा**

श्री ..........................................................

..........................................................।

देहायको स्वास्थ्य संस्थाको सञ्चालन तथा पूर्वाधार स्वीकृतिको आशयपत्रका लागि देहाय बमोजिम कागजात सहित निवेदन पेश गरेको छु/छौं।

कार्यकारी अधिकृत/सञ्चालक समितिका तर्फबाट

..........................................................

**स्वास्थ्य संस्थाको विवरणः**

१. स्वास्थ्य संस्थाको नामः शैया सङ्ख्याः

२. सेवाको विवरणः

३. स्वास्थ्य संस्थाको ठेगानाः

प्रदेशः जिल्लाः नगरपालिका/गाउँपालिकाः

वडा नं.: टोलः ब्लक नं.:-

सम्पर्क नं.:-

इमेल ठेगानाः वेबसाईटः

**४. स्वास्थ्य संस्था खोल्ने व्यक्ति (पाँच प्रतिशतभन्दा बढी सेयर धारण गर्नेको मात्र)ः**

| क्र.सं. | नाम | बाबुको नाम | बाजेको नाम | नागरिकता नं.,जारी मिति र जिल्ला | सम्पर्क नं. | ठेगाना | इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**५. स्वास्थ्य संस्थाका लागि आवश्यक जग्गा र स्वामित्वको विवरण:-**

(क) जग्गाको कित्ता नं., क्षेत्रफल र स्वामित्वको प्रकारः

(ख) लिजमा भए कबुलियतनामा पेश गर्नेः

**६. स्वास्थ्य संस्थाको वित्तीय स्रोतः**

(क) निजी लगानी (ख) बैङ्क कर्जा

(ग) सरकारी

(घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सोको विवरणः

(च) अन्यः

**७. वित्तीय लगानीः** (स्थिर पुँजी लागत) रु. ....................

(क) भवन तथा जग्गाका लागिः रु. ....................

(ख) औजार उपकरणका लागिः रु. ............ वित्तीय लगानीः (चालु पुँजी लागत) रु. .......... रोजगार सङ्ख्याः ..................अनुमानित आम्दानीः रु. ................ अनुमानित मुनाफाः ................. मासिकः रु. .............. त्रैमासिकः रु. ............... वार्षिकः रु. ............

**८. देहायका विषय समेत समावेश भएको व्यावसायिक कार्ययोजना**

(क) स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवाको विवरणः

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्सरे | खोप | प्रसूति तथा स्त्रीरोग |
| अल्ट्रासाउन्ड | गर्भवती | जनरल मेडिसिन |
| इन्डोस्कोपी | सुत्केरी जाँच | जनरल सर्जिकल |
| इसीजी, ट्रेडमिल | परिवार नियोजन | प्रसूति सेवा, मिर्गौला रोग, स्नायु, आँखा, हाडजोर्नी रोग जस्ता विशेषज्ञ सेवा |
| प्रयोगशाला | ........................ | ............................ |
| आयुर्वेद तथा | आयुर्वेद तथा वैकल्पिक | आयुर्वेद तथा वैकल्पिक |

| वैकल्पिक चिकित्सा | चिकित्सा | चिकित्सा |
|---|---|---|
| ......................... | .............................. | ............................. |

(ख) स्वास्थ्य संस्थामा प्रयोग हुने आवश्यक उपकरणको विवरण (संलग्न गर्ने):-

(१) ..........................................................................

(२) .............................................................................

(३) ......................................................................

(४) ............................................................................

(ग) स्वास्थ्य संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):-

(१) विशेषज्ञः

नामः पदः योग्यताः

आंशिकः पूर्णकालीनः

(२) प्राविधिकः

नाम पदः योग्यताः

आंशिकः पूर्णकालीनः

(३) प्रशासनिकः

नाम पदः योग्यता

आंशिकः पूर्णकालीनः

**द्रष्टव्यः**

(१) स्वास्थ्य संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारी सम्बन्धित परिषद्मा दर्ता भई सम्बन्धित परिषद्को प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

(२) कर्मचारीको योग्यताका प्रमाणित प्रतिलिपि र कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनु पर्नेछ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारी संलग्न हुने भएमा प्रचलित कानून बमोजिमको स्वीकृतिपत्र अनिवार्य रूपमा संलग्न हुनु पर्नेछ।

(४) प्राविधिक कर्मचारीले आफूले कार्य गर्ने अन्य संस्थाको समेत विवरण खुलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(नियम ३ को उपनियम (२) को खण्ड (घ), नियम ४ को उपनियम (२), नियम ६ को उपनियम (४) र नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**पूर्वाधार विकास आशयपत्र, स्वास्थ्य संस्था सञ्चालन, स्तरोन्नति र नवीकरण दस्तुर**

| क्र. सं. | संस्था को किसिम | शुल्क निर्धारण ईकाई | आशयपत्रका लागि दस्तुर शुल्क रु. | आशय पत्र नवीकरण का लागि दस्तुर शुल्क रु. | स्वास्थ्य संस्था सञ्चालन र स्तरोन्नति इजाजत दस्तुर | स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र नवीकरण दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | प्रति शैया | ५००।- | ५०० ।- | ४,०००।- | ५००।- |
| २. | पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | प्रति शैया | ५००।- | ५००।- | २,०००।- | ५००।- |
| ३. | डेन्टल क्लिनिक/ | प्रति सेवा | ५००।- | ५००।- | १०,००० ।- | १,००० ।- |



आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विशेषज्ञ क्लिनिक/ पोलिक्लिनिक | प्रकार | | | | |
| ४. | आयुर्वेद, होमियोप्याथि, प्राकृतिक चिकित्सा, आम्ची पोलिक्लिनिक | प्रति सेवा प्रकार | ५००।- | ५००।- | ५,०००।- | ५००।- |
| ५. | आँखा उपचार केन्द्र | सेवा प्रकार | ५००।- | ५००।- | १०,०००।- | १,०००।- |
| ६. | "सी" वर्गको प्रयोगशाला | | - | - | १५,०००।- | ७,०००।- |
| ७. | "ख" श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर | सेवा प्रकार | - | - | १५,०००।- | ७,०००।- |
| ८. | डायलासिस केन्द्र पच्चीस शैयासम्म | प्रति शैया | ५००।- | ५००।- | १,०००।- | ५००।- |
| ९. | पुनर्स्थापना | प्रति | ५००।- | ५००।- | १,०००।- | ५००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | केन्द्र पच्चीस शैयासम्म | शैया | | | | |
| १०. | हस्पिस सेन्टर (कम्तीमा पच्चीस शैया) | प्रति शैया | ५००।- | ५००।- | १,०००।- | ५००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**मन्त्रालयले इजाजतपत्र दिने स्वास्थ्य संस्था**

१. पच्चीस शैया देखि दुई सय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल,
२. पच्चीस शैया देखि पचास शैया सम्मका आयुर्वेद अस्पताल,
३. डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक र पोलिक्लिनिक,
४. आँखा उपचार केन्द्र,
५. "ग" वर्गको प्रयोगशाला,
६. "ख" वर्गको रेडियो इमेजिङ्ग सेन्टर,
७. पच्चीस शैयासम्मको डायलासिस केन्द्र,
८. पच्चीस शैयासम्मको पुनर्स्थापना केन्द्र,
९. हस्पिस सेन्टर।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-४
## (नियम ५ को उपनियम (२) सँग सम्बन्धित)
## इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा

१. संस्थाको नामः

२. सेवाको किसिमः

(क) जनरल सेवा (ख) विशेषज्ञ सेवा (ग) विशिष्टीकृत सेवा (घ) अन्य

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):-

प्रदेशः

जिल्लाः

महानगरपालिका/ उ.म.न.पा/ न.पा/ गा.पाः

वडा नं.: टोलः

ब्लक नं.:

टेलिफोन नं.

४.संस्था खोल्ने व्यक्तिहरूः- (पाँच प्रतिशतभन्दा बढी सेयर होल्डर्स मात्र)

| क्र.सं. | नाम | स्थायी ठेगाना | फोन न. | मोबाइल नं. | इमेल ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. संस्थाको वित्तीय स्रोतः

(क) निजीः (ख) सेयर/कर्जाः (ग) गैर-सरकारीः (घ) अन्य (खुलाउने):

(ङ) वित्तीय संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सो संस्थाको नामः

६. वित्तीय लगानी (लागत):

(क) भवन तथा जग्गाका लागिः

(ख) औजार उपकरणः

(ग) जनशक्तिः

(घ) अनुमानित आम्दानीः

(१) आम्दानी स्वदेशीः

(२) विदेशीः

७. अचल सम्पत्तिको स्रोतः

८. शैया सङ्ख्याः

९. स्वास्थ्य संस्थाले वर्गीकरण अनुसार प्रदान गर्ने सेवाको विवरण कुन-कुन सेवा प्रदान गर्ने हो ? खुलाउने

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| | | |
| | | |

१०. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणको विवरण तथा स्रोतः-

| क्र.सं. | उपकरणको नाम | वित्तीय स्रोत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

११. संस्थामा सेवा प्रदान गर्ने जनशक्तिको विवरणः

| क्र. सं | कर्मचारी को नाम | पद | शैक्षिक यौग्यता | सम्बन्धित परिषद्को दर्ता नं. | सरकारी सेवामा कार्यरत छ /छैन | फुलटाइम/पार्टटाइम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१२. निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातः

(क) कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलिपि,

(ख) संस्था/कम्पनीको विधान/प्रबन्धपत्र, नियमावलीको प्रतिलिपि,

(ग) स्थायी लेखा दर्ता प्रमाण-पत्रको प्रतिलिपि,

(घ) स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने स्थानीय तह र प्रदेशको सम्बन्धित निकायको सिफारिसपत्र,

(ङ) संस्थापक सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(च) प्रारम्भिक वातावरणीय परीक्षण वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति पत्रको प्रतिलिपि,

(छ) स्वास्थ्य संस्थाको विस्तृत सर्वेक्षणसहितको प्रस्ताव,

(ज) स्वास्थ्य संस्थाले लिने सेवा शुल्क विवरण,

(झ) भवनको स्वीकृत नक्सा,

(ञ) करचुक्ता प्रमाणपत्र (लागू हुने अवस्थामा मात्र)।

अनुसूची-५

(नियम ५ को उपनियम (४) र (५) सँग सम्बन्धित)

**स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) **भवन सम्बन्धी मापदण्डः**

मन्त्रालयबाट इजाजतपत्र प्राप्त गर्ने स्वास्थ्य संस्थाले देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) अधिकतम ग्राउण्ड कभरेज- चालीस प्रतिशत

(ख) फ्लोर एरिया रेसियो (फार)- पच्चीस प्रतिशत

(ग) न्यूनतम पार्किङ स्थल - जम्मा जग्गाको पच्चीस प्रतिशत

(घ) भवनको सेट ब्याक - कम्तीमा तीन मिटर भवनको चारैतिर

(ङ) लाइट प्लेन - ६३.५ डिग्री




(२) **अस्पताल सम्बन्धी मापदण्डः**

(क) **बहिरङ्ग सेवा सम्बन्धी पूर्वाधार तथा मापदण्डः**

| क्र स. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| (क) | **सामान्य क्षेत्र** | | | | |
| १. | सोधपुछ काउन्टर/क्यास काउन्टर (वर्गमिटर) | १ (२८) | १ (२८) | १ (७५) | * |
| २. | चिकित्सा रेकर्ड (वर्गमिटर) | १(५.१०) | १(५.१०) | १ (५.१०) | * |
| ३. | जनिटर क्लोसेट (सरसफाइ सामग्री राख्ने ठाउँ) | १ (३.५) | १ (३.५) | १ (३.५) | * |
| ४. | प्रतीक्षा कक्ष (वर्गमिटर) | १ (२८) | १ (२९) | १ (५०) | * |
| ५. | सार्वजनिक टेलिफोन (स्वचालित) | १ | १ | १ | * |
| | अपाङ्गमैत्री शौचालय (महिला तथा पुरुष) | २(१७.५) १+१ | ३(२८) २+१ | ४(४२) १+१ | * |
| (ख) | **चिकित्सा कक्ष** | | | | |
| १. | परामर्श कक्ष (कक्षको १४ वर्गमिटर) | √ | √ | √ | √ |
| २. | उप प्रतीक्षा कक्ष | १(१४) | १(२१) | १ (३५) | * |
| (ग) | **शल्यचिकित्सा कक्ष** | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र. स. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| १. | परामर्श कक्ष (कक्षको १४ वर्गमिटर) | √ | √ | √ | * |
| २. | उपचार तथा ड्रेसिङ कक्ष | √ | | √ | * |
| ३. | उपप्रतीक्षा कक्ष | १ (१४) | १ (२१) | १(३५) | * |
| (घ) | **अब्सगाइने कक्ष** | | | | |
| १. | परामर्श कक्ष (कक्षको १४ वर्गमिटर) | √ | √ | √ | * |
| २. | उपचार कक्ष | १(५.१७) | १(५.१७) | १(५.१७) | * |
| ३. | शौचालय तथा सरसफाइ कक्ष (उपचार कक्षसँग जोडिएको) | √ | √ | √ | * |
| ४. | प्रतीक्षा कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| (ङ) | **बालरोग कक्ष** | | | | |
| १. | परामर्श कक्ष (कक्षको १४ वर्गमिटर) | √ | √ | √ | * |
| २. | उपचार कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ३. | खोपकक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ४. | मनोरञ्जन तथा खेल कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ५. | प्रतीक्षा कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| (च) | **अर्थोपेडिक कक्ष** | | | | |
| १. | परामर्श कक्ष (कक्षको १४ वर्गमिटर) | √ | √ | √ | * |



आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| २. | प्लास्टर तथा स्पिलिन्ट भण्डारण कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ३. | उपचार कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ४. | रिकोभरी तथा प्लास्टर कटिङ कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ५. | प्रतिक्षा कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ६. | फिजियोथेरापी कक्ष | १ (२८) | १ (२८) | १ (२८) | * |
| (छ) | **ई. एन. टी. कक्ष** | | | | |
| १. | परामर्श कक्ष (कक्षको ८१ वर्गमिटर) | √ | √ | √ | * |
| २. | उपचार कक्ष | √ | √ | √ | * |
| ३. | अडियोमेट्रिक कक्ष | १ (१४) | १ (१४) | १ (१४) | * |
| ४. | प्रतीक्षा कक्ष | √ | √ | √ | * |
| (ज) | **दन्त चिकित्सालय** | | | | |
| १. | एक्स-रे | √ | √ | √ | * |
| २. | परामर्श कक्ष (कक्षको ८ वर्गमिटर) | √ | √ | √ | * |
| ३. | कार्यशाला/प्रयोगशाला | √ | √ | √ | * |
| ४. | रिकोभरी कक्ष | √ | √ | √ | * |
| (झ) | **छाला तथा एस.टि.डि. कक्ष** | | | | |
| १. | परामर्श कक्ष (कक्षको ८ वर्गमिटर) | √ | √ | √ | * |
| २. | उपचार कक्ष | √ | √ | √ | * |
| ३. | छाला तथा प्रयोगशाला | √ | √ | √ | * |
| ४. | प्रतीक्षा कक्ष | √ | √ | √ | * |
| ५. | परामर्श कक्ष | √ | √ | √ | * |

* बिरामीको चाप र सेवाको प्रकृति अनुसार थप गर्न सकिनेछ।

(ख) अन्तरङ्ग सेवा सम्बन्धी पूर्वाधार तथा मापदण्डः

| क्र.स. | मापदण्ड | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| १. | वार्ड क्षेत्र (प्रति शैया ७ वर्गमिटर) | ✓ | ✓ | ✓ | ✓ |
| २. | नर्सिङ स्टेशन | १(१७.५) | १ (१७.५) | १(२१) | १(२१) |
| ३. | नर्स चेनजिङ कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| ४. | उपचार कक्ष | १(१०.५) | १(१०.५) | १(२१) | १(२१) |
| ५. | क्लिन युटिलिटि कक्ष | १(१४) | १(१४) | १(१४) | १(१४) |
| ६. | वार्डको भान्साको सामन राख्ने ठाउँ | १(१०.५) | १(१४) | १(२१) | १(२१) |
| ७. | स्लुईस कक्ष (फोहोर पखाल्ने ठाउँ) | १(१०.५) | १(१४) | १(२१) | १(२१) |
| ८. | वार्ड स्टोर | १(१०.५) | १(१४) | १(२१) | १(२१) |
| ९. | डाक्टरको कार्यकक्ष शौचालय सहित | १(१०.५) | १(१४) | १(२१) | १(२१) |
| १०. | स्यानिटरी सुविधा | | | | |
| (क) | वाटर क्लोसेट/शौचालय प्रत्येक १ | ✓ | ✓ | ✓ | ✓ |

| | | | | | |
|---|---|---|---|---|---|
| | देखि ८ शैया (पुरुष) | | | | |
| (ख) | युरिनल/शौचालय प्रत्येक १ देखि ८ शैया (पुरुष) | ✓ | ✓ | ✓ | ✓ |
| (ग) | वाश वेसिनः प्रत्येक १२ शैयाको लागि १ | ✓ | ✓ | ✓ | ✓ |
| (घ) | सिङ्कः प्रत्येक वार्डको लागि १ | ✓ | ✓ | ✓ | ✓ |
| (ङ) | किचन सिङ्क तथा डिस वासर प्रत्येक वार्डको लागि १ वटा | ✓ | ✓ | ✓ | ✓ |
| ११. | प्रशासकीय विभाग | | | | |
| (क) | निर्देशकको कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (ख) | प्रशासकीय इकाई | ✓ | ✓ | ✓ | ✓ |
| (ग) | वित्त इकाई | ✓ | ✓ | ✓ | ✓ |
| (घ) | पुस्तकालय | ✓ | ✓ | ✓ | ✓ |
| (ङ) | बैठक कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (च) | तालिम कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (छ) | अभिलेखन इकाई | ✓ | ✓ | ✓ | ✓ |
| (ज) | सुरक्षा इकाई | ✓ | ✓ | ✓ | ✓ |
| (झ) | शौचालय (महिला/पुरुष) | ✓ | ✓ | ✓ | ✓ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| (ञ) | हाउस किपिङ | ✓ | ✓ | ✓ | ✓ |
| १२. | लौन्ड्री | | | | |
| (क) | प्रयोग भएका कपडा रिसिभ गर्ने स्थान | ✓ | ✓ | ✓ | ✓ |
| (ख) | क्लिन स्टोर कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (ग) | शौचालय सहित स्टाफ कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (घ) | सरसफाई क्षेत्र | ✓ | ✓ | ✓ | ✓ |
| (ङ) | भान्सा | ✓ | ✓ | ✓ | ✓ |
| १३. | सेन्ट्रल स्टेराईल सर्भिस डिपार्टमेन्ट (सि.एस.एस.डि.) | | | | |
| (क) | प्रयोग भएका सामग्री रिसिभ गर्ने स्थान | ✓ | ✓ | ✓ | ✓ |
| (ख) | क्लिनिङ कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (ग) | स्टेरिलाईजेसन कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (घ) | सफा भण्डारण कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (ङ) | साझा भण्डारण कक्ष | ✓ | ✓ | ✓ | ✓ |
| (च) | ड्राईङ तथा प्याकिङ | ✓ | ✓ | ✓ | ✓ |
| (छ) | एम्बुलेन्स | ✓ | ✓ | ✓ | ✓ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) **आकस्मिक सेवा सम्बन्धी पूर्वाधार तथा मापदण्डः**

| सि.नं. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| १. | आपत्कालीन सेवाका लागि प्रयोग हुने सवारी साधन अस्पतालको आपत्कालीन कक्षमा सहज रूपमा आउन-लैजान सक्ने व्यवस्था भएको र प्रवेश मार्ग र बाहिर निस्कने मार्ग अलग अलग रहेको | ✓ | ✓ | ✓ | ✓ |
| २. | प्रतिक्षालय | ✓ | ✓ | ✓ | ✓ |
| ३. | व्हिल च्येर, ट्रलि, स्ट्रेचर राख्ने ठाउँ र काम गर्ने व्यक्ति | १/१/१/१ | २/२/२/२ | ४/४/४/४ | ५/५/५/५ |
| ४. | आवश्यक सेवा दिनका | ✓ | ✓ | ✓ | ✓ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| सि.नं. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| | लागि आकस्मिक कक्षको कोठा उपलब्धता | | | | |
| ५. | बिरामी वर्गीकरण (ट्रायज) गर्ने ठाउँ | ✓ | ✓ | ✓ | ✓ |
| ६. | परीक्षण गर्ने कक्ष | २ | ३ | ५ | आवश्यकता अनुसार |
| ७. | उपचार शैया | ३ | ५ | ११ | आवश्यकता अनुसार |
| ८. | अवलोकन कक्ष (शैया) | १(०) | १(१) | १(४) | आवश्यकता अनुसार |
| ९. | आकस्मिक शल्यक्रिया कक्ष | १ | १ | १ | आवश्यकता अनुसार |
| १०. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट आदि) | ✓ | ✓ | ✓ | ✓ |
| ११. | आकस्मिक विभागका लागि छुट्टै | ✓ | ✓ | ✓ | ✓ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| सि.नं. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| | शल्यक्रिया कक्षको व्यवस्था | | | | |
| १२. | शुद्ध खानेपानीको व्यवस्था | ✓ | ✓ | ✓ | ✓ |
| १३. | अपाङ्ग मैत्री शौचालय र शौचालयमा पर्याप्त पानीको व्यवस्था | ✓ | ✓ | ✓ | ✓ |
| १४. | सार्वजनिक टेलिफोन सेवाको व्यवस्था | ✓ | ✓ | ✓ | ✓ |
| १५. | आकस्मिक सेवाका लागि छुट्टै प्रयोगशालाको व्यवस्था भएको र चौबीसै घण्टा प्रयोगशालाको उपलब्धता भएको। | ✓ | ✓ | ✓ | ✓ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| सि.नं. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| १६. | फार्मेसी तथा विलिङ्ग | ✓ | ✓ | ✓ | ✓ |

**<u>आकस्मिक सेवाका लागि आवश्यक उपकरणः</u>**

| क्र.सं | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| १. | सक्सन मेसिन प्रत्येक उपचार कक्षमा | १ | २ | ५ | आवश्यकता अनुसार |
| २. | सुचर सेट प्रत्येक उपचार कक्षमा | १ | २ | ५ | आवश्यकता अनुसार |
| ३. | रिससिटेटर ब्याग (एम्बु ब्याग) ल्यारेन्जोस्कोप सहित | २ | ३ | ५ | आवश्यकता अनुसार |
| ४. | अक्सिजन सिलिण्डर ठूलो | १ | २ | ४ | ५ |
| ५. | अक्सिजन प्रत्येक उपचार कक्षमा | २ | ४ | ७ | आवश्यकता अनुसार |
| ६. | क्रास ट्रलि (आकस्मिक औषधि, उपकरण) | ✓ | ✓ | ✓ | ✓ |
| ७ | ई.सी.जी मेसिन | १ | १ | २ | आवश्यकता अनुसार |
| ८ | कार्डियाक मोनिटर | १ | १ | २ | आवश्यकता अनुसार |
| ९. | डीफीव्रीलेटर | १ | १ | १ | आवश्यकता |



आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र.सं | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| | (अटोम्याटिक एक्सटर्नल डीफीब्रीलेटर) | | | | अनुसार |
| १०. | भेन्टिलेटर (पोर्टेबल) | १ | १ | २ | आवश्यकता अनुसार |
| ११. | बी.पी सेट प्रत्येक उपचार कक्षमा | √ | √ | √ | आवश्यकता अनुसार |
| १२. | आई. भी स्टेन्ड (उपचार शैयाको अनुपातमा) | √ | √ | √ | √ |
| १३. | प्लास्टर गर्ने सामग्री | १ | १ | २ | आवश्यकता अनुसार |
| १४. | डाइग्नोस्टिक सेट | १ | २ | ४ | आवश्यकता अनुसार |
| १५. | आकस्मिक कार्यका लागि औषधीसहितको कार्ट (ट्रली) | १ | १ | २ | आवश्यकता अनुसार |
| १६. | ट्राकियोस्टोमी सेट | १ | १ | १ | आवश्यकता अनुसार |
| १७. | इन्ट्रा ओसियस | १ | १ | २ | आवश्यकता अनुसार |
| १८. | भेनस सक्सन सेट | १ | १ | २ | आवश्यकता अनुसार |
| १९. | सि.भि.पी लाइन सेट | १ | १ | २ | आवश्यकता अनुसार |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र.सं | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| २०. | नेवुलाईजर सेट | १ | १ | १ | आवश्यकता अनुसार |
| २१. | वाटरसिल ड्रेनेज सेट | १ | २ | २ | आवश्यकता अनुसार |
| २२. | सूचनापाटी | १ | १ | १ | आवश्यकता अनुसार |
| २३. | ह्वीलचेयर, ट्रली, स्ट्रेचर | √ | √ | √ | √ |
| २४. | फुटस्टेप | √ | √ | √ | √ |
| २५. | वैकल्पिक विद्युत् व्यवस्था | √ | √ | √ | √ |
| २६. | ग्यास्ट्रिक टयुब र एन.जी टयुब एस्पिरेसन सेट | √ | √ | √ | √ |
| २७. | डुस सेट | √ | √ | √ | √ |
| २८. | खुट्टाले चलाउने सक्सन मेसिन | √ | √ | √ | √ |
| २९. | कोठाको क्षेत्रफल (शैया) | R1Y+ G=3 OB2, BO | R1, Y1, G=3 OB3, B1 | R2, Y2, G=3 OB4,B1 | तल दिइएको अनुपातमा |

**<u>द्रष्टव्यः</u>** अस्पतालमा दश प्रतिशत आकस्मिक शैया अन्तर्गत देहायको व्यवस्था हुनु पर्नेछः-

रेड (आर) = अति सिकिस्त बिरामीको सेवा दिने शैया = एक प्रतिशत

एल्लो (वाई) = अति सिकिस्त बिरामीको सेवा दिने शैया = दुई प्रतिशत

ग्रिन (जी) = सामान्य बिरामीको सेवा दिने शैया = तीन प्रतिशत

बल्याक (बी) = मृत्यु भसकेका बिरामीलाई राख्ने शैया = एक प्रतिशत

अब्जरभेसन कोठा र शैया = तीन प्रतिशत

(ङ)शल्यचिकित्सा सेवा सम्बन्धी पूर्वाधार तथा मापदण्डः

| क्र .सं. | विवरण | पच्चीस शैया | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|---|
| १. | प्रति पच्चीस शैया बराबरको एउटा मेजर र एउटा माइनर ओ.टी.को व्यवस्था भएको। | १ | २ | ४ | ८ |
| २. | क्र.सं. १ का अतिरिक्त प्रत्येक पच्चीस शैया सर्जिकल बेडका लागि एक मेजर ओ.टी र आवश्यक माइनर ओटीको थप व्यवस्था। | ✓ | ✓ | ✓ | ✓ |
| ३. | प्रति पचास शैया क्षमता बराबर एउटा (प्याक) एनेस्थिेसिक तयारी कक्षको व्यवस्था भएको। | ✓ | ✓ | ✓ | ✓ |
| ४. | अक्सिजन आपूर्तिको नियमित व्यवस्था (Central Supply Oxygen Manifold) र आकस्मिक Backup को व्यवस्था | ✓ | ✓ | ✓ | ✓ |
| ५. | ओ.टी वातानुकूलित हुनुपर्ने र मेजर ओ.टी.मा (HVAC) सिस्टम हुनु पर्ने। | ✓ | ✓ | ✓ | ✓ |
| ६. | ओ.टी.को बाहिर बिरामी कुरुवा बस्ने व्यवस्था | ✓ | ✓ | ✓ | ✓ |
| ७. | मेजर ओ.टी. भएको जुनसुकै अस्पतालमा आई.सि.यू | ✓ | ✓ | ✓ | ✓ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनिवार्य हुनुपर्ने व्यवस्था पालना गरेको। | | | | |
| ८. | प्रत्येक मेजर ओ.टी.का लागि पोस्ट अपरेटिभ वार्डको व्यवस्था | ✓ | ✓ | ✓ | ✓ |
| ९. | अस्पतालमा शल्यक्रिया पश्चात् पनि बिरामीको अवस्था स्थिर नभए सम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्स्क र एनेस्थेसियोलोजिस्ट अस्पतालमा रहिरहनुपर्ने व्यवस्था। | ✓ | ✓ | ✓ | ✓ |

**(च) सघन उपचार सेवा सम्बन्धी पूर्वाधार तथा मापदण्डः**

| क्र. सं. | विवरण | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|
| १. | अस्पतालको अन्तरङ्ग कक्षमा चौबीसै घण्टा सघन उपचार कक्षको व्यवस्था | √ | √ | √ |
| २. | कुल उपलब्ध शैयाको पाँच प्रतिशतको अनुपातमा आई.सि.यू. शैया र Intermediate Care Units (HDU, IICU, NIMCU, PIMCU etc.) शैयाको व्यवस्था गरेको | √ | √ | √ |
| ३. | आई.सि.यू. कक्षमा प्रति दुई शैयाका लागि एक भेन्टिलेटरको उपलब्धता | √ | √ | √ |
| ४. | आ.ई.सि.यू. र एन.आई.सि.यू. जस्ता सघन सेवा प्रदान गर्ने युनिटमा प्रति शैयाको अनुपातमा एकजना नर्सको | √ | √ | √ |

| क्र. सं. | विवरण | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|
| | व्यवस्था र सि.सि.यू.का हकमा एकजना गम्भीर बिरामीका लागि १:१ र सामान्य बिरामीका लागि २:१ को अनुपातमा नर्सिङ स्टाफ हुनुपर्ने। | | | |
| ५. | Intermediate Care Units (HDU, IICU, NIMCU, PIMCU etc.) का शैयाका लागि प्रति दुई शैयामा एकजना नर्स हुनुपर्ने | √ | √ | √ |
| ६. | तलिम प्राप्त चिकित्सक चौबीसै घण्टा उपस्थित रहने र सम्बन्धित कन्सल्ट्यान्ट अनकलमा उपलब्ध हुने व्यवस्था | √ | √ | √ |
| ७. | बिरामीको अवस्थाबारे चौबीस घण्टामा कम्तीमा दुईपटक बिरामीको आफन्तलाई जानकारी दिने व्यवस्था | √ | √ | √ |
| ८. | सरुवा रोग भएका बिरामीलाई सघन उपचार आवश्यक परेमा बिरामीलाई छुट्टै आइसोलेसनमा (सघन उपचारको कुल बेड सङ्ख्याको दश प्रतिशत बेडलाई आइसोलेसन बेड) उपचारको प्रबन्ध मिलाइएको। | √ | √ | √ |
| ९. | सघन उपचार कक्ष वातावरण अनुकूलित बनाइएको। | √ | √ | √ |
| १० | सघन उपचार कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक विभाग, रेडियोलोजी विभाग र प्रयोगशालासँग सहज पहुँच भएको तथा | √ | √ | √ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र. सं. | विवरण | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|
| | जोडिएको। | | | |
| ११ | सघन उपचार कक्षमा आवगमन तथा बहिर्गमनका लागि छुट्टाछुट्टै ढोकाको व्यवस्था गरिएको हुनुपर्दछ। जसबाट एक्सरे मेसिन, बेड, ट्रलीजस्ता मेसिन सजिलोसँग ल्याउन र लैजान सकियोस् । | √ | √ | √ |
| १२ | बिरामीको परिवारका लागि प्रतिबेड सङ्ख्याको एकका दरले कुर्सी भएको छुट्टै कुरुवा कोठाको व्यवस्था भएको। | √ | √ | √ |
| १३ | बिरामी भेट्नका लागि दिनमा कम्तीमा दुई पटक निश्चित Visiting Hours छुट्टाइएको। | √ | √ | √ |
| १४ | टेबल र कुर्सीसहितको परामर्श कोठाको व्यवस्था | √ | √ | √ |
| १५ | Central Monitoring System सहितका Central Nursing Station को व्यवस्था भएको। | √ | √ | √ |
| १६ | नर्स, चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीका लागि चियाखाजा खाने सुविधासहितको Pantry को व्यवस्था भएको। | √ | √ | √ |
| १७ | सफा र फोहोर कपडाका लागि छुट्टै Utility Room को व्यवस्था भएको। | √ | √ | √ |
| १८ | पर्याप्त मात्रामा लकरसहित महिला र पुरुषका लागि छुट्टाछुट्टै पोशाक परिवर्तन | √ | √ | √ |

| क्र. सं. | विवरण | पचास शैया | एक सय शैया | दुई सय शैया |
|---|---|---|---|---|
| | कक्षको व्यवस्था भएको। | | | |
